# मुसिकोट राजपत्र

**मुसिकोट नगरपालिका द्वारा प्रकाशित**

**खण्ड ६) मुसिकोट,गुल्मी,पौष ३० गते,२०७९ साल(संख्याः८**

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नगर खेलकुद शिक्षक र कला शिक्षक छनौट सम्बन्धी कार्यविधि,२०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(२) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर खेलकुद र कला करार शिक्षक छनौट कार्यविधि २०७९

**प्रस्तावनाः**

यस नगरभित्र रहेका निम्नमाध्यमिक र माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालयहरुमा खटाउने गरी नगर खेल र कला करार शिक्षक दरबन्दीमा करार शिक्षक छनौट गर्नको लागि मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम नगर खेलकुद र कला करार शिक्षक छनोट कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “नियमावली” भन्नाले मुसिकोट नगरपालिका “शिक्षा नियमावली, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले मुसिकोट नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “नगर करार शिक्षक” भन्नाले नगरपालिकाले अस्थायी रूपमा श्रृजना गरेको कला र संगित सम्वन्धी करार शिक्षकको दरवन्दीमा रहेका शिक्षक सम्झनु पर्छ ।

(घ) खेलकुद भन्नाले राष्ट्रपति रनिङ्ग शिल्ड अन्तर्गत रहेका "मार्शल आर्ट,कबड्डी र भलिवल" लाई सम्झनु पर्छ।

(ङ) कला भन्नाले "गित,संगित र नृत्य" सम्झनु पर्छ।

३. नगर करार शिक्षक अनुदान

मुसिकोट राजपत्र

(१) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा नगर करार शिक्षकको पारिश्रमिक अनुदान प्रावि तह तृतिय श्रेणी (रु. 32,902) हुनेछ।

(३) नगर करार शिक्षकको तलब भत्ता दफा उपदफा (२) मा तोकिए बमोजिम एक आर्थिक वर्षमा 12 महिनाको अनुदान दिइनेछ ।

(४) नगर करार शिक्षकको अवधि नियुक्ति पत्रमा तोकिए बमोजिम हुनेछ।

(५) नगर शिक्षकहरुको कार्यक्षेत्र नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाले तोक्नेछ।

४. नगर करार शिक्षकका लागि अवस्यक योग्यताः

(१) शैक्षिक योग्यता

– शैक्षिक योग्यता १०+२ वा सो सरह

– खेलकुद शिक्षकका लागि नेपाल राष्ट्रिय खेलकुद परिषदवाट उपलब्ध प्रमाणपत्र,माथिल्लो योग्यतालाई प्राथमिकता दिइने।

-कला शिक्षकका लागि कला/संगित विषयमा कम्तिमा डिप्लोमा तहको तालिम प्राप्त गरेको।

(२) उमेरको हद १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

५. नगर करार शिक्षक छनौट प्रक्रिया :

(१) शिक्षकको आवश्यकता निर्धारण गर्नुपर्नेछ ।

(२) प्रतिस्पर्धाका लागि राष्ट्रिय वा स्थानीय स्तरको पत्र पत्रिका वा एफ.एम., वडा कार्यालय, नगरपालिका र विद्यालयमा दरबन्दी तोकिएको भए सम्बन्धित विद्यालयमा १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्त उपर छानबिन गरी योग्य उम्मेदवारहरुलाई लिखित परीक्षामा प्रतिस्पर्धा गराउनु पर्नेछ।

६. लिखित प्रतिस्पर्धा गराउदा अवलम्बन गर्नुपर्ने विधि :

मुसिकोट राजपत्र

प्रश्न पत्र निर्माण मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम २ बमोजिम विशेषज्ञहरुको रोष्टरबाट वा अन्य स्थानीय तहवाट आमन्त्रित सम्बन्धित विज्ञ रोष्टरवाट प्रश्नहरु निर्माण गराई लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

७. प्रश्नपत्र छनौट विधि : अन्तर्वार्ताको लागि सम्वन्धित सिपमा दक्ष कम्तिमा १ जना विज्ञ आमन्त्रित गर्नुपर्नेछ।

८. परीक्षाको किसिम–

(१) लिखित– ५० पूर्णाङ्क (बस्तुगत प्रश्न २५ वटा)

(२) अन्तर्वार्ता र सिप परीक्षण ३० पूर्णाङ्क

९. पाठ्यक्रम र अङ्कन

लिखित परीक्षाको पाठ्यक्रम शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ र अन्तर्वार्ताका लागि छुटयाइएको अंक निम्न बमोजिम हुनेछ । प्रत्यक सहभागीलाई पाठ्यक्रम उपलब्ध गराउनु पर्नेछ।

(क) एक भन्दा वढी विधामा विज्ञ भएमा प्रत्येक विज्ञता वापत २.५ अङ्कका दरले बढीमा ५ अङ्क,

(ख) अन्तर्वार्ताको बाँकी १० अङ्क मध्ये अवलोकनबाट अङ्क प्रदान गर्ने

- व्यक्तित्वका लागि बढिमा –२
- आत्मविश्वासका लागि बढिमा –२
- प्रस्तुतीकरणका लागि बढिमा –३
- विषयवस्तुको ज्ञानको लागि बढिमा-३

(घ)सिप परिक्षण वढिमा-१५

- सम्वन्धित विधा सम्वन्धी सिप- १३
- अनुभव बापत २ अङ्क

मुसिकोट राजपत्र

(अङ्क दिदा ७०% भन्दा बढी र ३५% भन्दा कमी दिन परेमा किन त्यसो गर्नु परेको हो, स्पष्ट रुपमा खुलाउनु पर्ने)

१०. लिखित परीक्षाको परीक्षाफल प्रकाशन :

(१) छनौट समितिले लिखित परीक्षा अधिकतम अङ्क ल्याउने उम्मेदवारहरु मध्ये आवश्यक संख्या थप २ जनाको नाम वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षाको नतिजा अन्तर्वार्ता सम्पन्न नहुन्जेल सम्म छनौट समितिको संयोजक वा उक्त संयोजकले तोकेको समिति सदस्यले जिम्मा लिई गोप्य रुपमा राख्ने व्यवस्था मिलाउनेछ ।

११. उत्तर पुस्तिका परीक्षण गर्ने सम्बन्धी विधि :

(क) शिक्षक तथा कर्मचारी छनौट समितिद्वारा संचालित परीक्षाका उत्तर पुस्तिका परीक्षण विशेषज्ञको रुपमा उपस्थित व्यक्तिहरुमध्येबाट गर्नुपर्नेछ ।

(ख) विशेषज्ञ छनौट, छनौट समितिद्वारा गर्नुपर्नेछ ।

(ग) उत्तर पुस्तिका जाँचकीले उत्तरकुञ्जिकाको आधारमा उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने छ ।

१२ अन्तिम नतिजा प्रकाशन :

छनौट समितिले लिखित र अन्तर्वार्तामा अधिकतम अङ्क ल्याउने उम्मेदवारको नतिजा प्रकाशन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

१३. आचारसंहिता

विशेषज्ञ, परीक्षार्थी र छनौट समिति विशेषज्ञ समिति परीक्षामा संलग्न सबैले देहायका आचारसंहिता पालना गर्नुपर्नेछ :

- मोबाईल लैजान नहुने ।
- हात हतियार तथा धारिलो वस्तु लैजान नहुने ।
- शिष्ट र नम्र व्यवहार गर्नुपर्ने ।

- होहल्ला गर्न नपाईने ।
- परीक्षाका आवश्यक गोपनियता कायम गर्ने ।

१४. परीक्षा अनुगमन :

प्रश्न पत्र निर्माण, परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षण कार्यको सघन अनुगमन गर्ने व्यवस्था शिक्षक तथा कर्मचारी छनौट समितिले मिलाउने छ ।

१5. संसोधन र लागु: (१) यो कार्यविधिलाइ कार्यपालिकाले अवस्यक संसोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका कुरामा यसै बमोजिम र अन्य ब्यवस्था मुसिकोट नगरपालिकाको शिक्षा नियमावली अनुसार हुनेछ।

प्रमाणिकरण मिति :२०७९/०९/२९

आज्ञाले,
विनोद कुवंर
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू १०

मुसिकोट राजपत्र